Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. ०७५/७६
च.नं. १२८

मिति : २०७५/०४/२०

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**विषय :- साना सिचाई स्कीम/साना सिचाई बिशेष कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

यस कार्यालयको आ.व. २०७५।०७६ को साना सिचाई निर्माण तथा मर्मत संभार कार्यक्रम सम्बन्धी कार्यक्रम कार्यन्वयनका लागि कृषक समुह/उपभोक्ता समिति र सहकारी संस्थाहरुले खाद्यान्न, तरकारी, फलफूल तथा नगदे वाली उत्पादन, बजार व्यवस्थापन एवं प्रशोधन कार्यमा टेवा पुऱ्याउने उद्देश्य ले एकीकृत रुपमा सिचाई सुविधा पुग्न सक्ने स्थानमा बाढी पहिरो आदीले क्षति पुऱ्याएका सामुहिक सिंचाई, प्लाष्टिक पोखरी, स्प्रिङ्कलर, थोपा सिंचाई, विद्युतिय पम्पसेट, साना तिना नदीबाट कटान भएका बाँध तथा सिंचाई कुलोहरुको तत्काल मर्मत गर्न बाताबरणीय असर नहुने गरी बेसीशहर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, लमजुङमा प्रस्तावना सहित तपशिलको शर्तमा रही मिति २०७५।०५।१९ गते भित्र कार्यालय समयमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरीएको छ ।

**शर्तहरु**

१. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२. प्रस्ताव पेश गर्ने समुह/संस्थाले गर्ने कार्यहरु, अनुमानित लागत खुलाउनु पर्ने छ ।

३. महिला, दलित तथा जनजातिहरुको समुह/उपभोक्ता समिति तथा संस्थाहरुको आयोजनालाई बिशेष प्राथमिकता दिइनेछ ।

४. छनौट भएका आयोजना संचालन गर्न समुह/संस्थाले कुल लागतको घटीमा १५ प्रतिशत रकम जनश्रमदान वा नगद वा दुबै रुपमा जुटाउनु पर्ने छ ।

५. कृषक समुह/सहकारी संस्थाले अनिवार्य रुपमा प्रस्ताव सहित बैंकमा खाता संचालन गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

६. बेसीशहर नगरपालिकाबाट बढीमा साना सिचाई बिशेष कार्यक्रमको लागी बढीमा रु. १ लाख ५० हजार अनुदान दिइनेछ ।

७. अन्य क्रियाकलाप कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम संचालन गरीनेछ ।

८. प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७५।०५।१९ गते हुने छ । यदि अन्तिम दिन सार्बजनिक बिदा भए सो को भोली पल्ट कार्यालय समयमा निवेदन दिन सकिनेछ ।

९. थप जानकारीको बेसीशहर नगरपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

...............................
भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत